नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

धादिङ

फोन: ०१०-५२०१२१
०१०-५२०१३३
फ्याक्स: ०१०-५२०२७७
daodhading@moha.gov.np

(प्रशासन शाखा)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

प.सं. २०७७/७८
च.नं. ३१८८

मितिः २०७७।१२।०६

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर कार्यपालिकाको कार्यालय, सबै, धादिङ. ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय, सबै, धादिङ ।

**विषयः नागरिकता, नाबालक परिचयपत्र र सिफारिसमा सहजिकरणको लागि परिपत्र ।**

प्रस्तुत विषयमा तहाँ स्थानीय तहका वडा कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र र नाबालक परिचय पत्र बनाउन नागरिकता अनुसूचीलगायत अन्य संलग्न गर्नुपर्ने कागजात रितपूर्वक सिफारिस भई नआउँदा केही सेवाग्राहीले अनावश्यक झन्झट, दुःख, कष्ट व्यहोर्नु परेको पाइएकोले उपरोक्त सेवा प्रवाहमा सहजिकरणका लागि मातहतका वडा कार्यालयहरूमा तपसिलबमोजिम गर्न गराउन निर्देशन हुन अनुरोध छ ।

१. नागरिकता, नाबालक परिचय पत्रको अनुसूची सिफारिस गर्दा निवेदकको हालसालै खिचेको दुवै कान प्रष्ट देखिने पासपोर्ट साईज (2.5x3cm) को फोटो टाँसी फोटोमा पर्ने गरी हस्ताक्षर गरी पठाउनु हुन ।

२. अनुसूची सिफारिस गर्दा निवेदकको बाबु आमाको नागरिकता, जन्म दर्ता प्रमाण पत्र र शैक्षिक योग्यताको प्रमाण पत्रमा जे जस्तो नाम थर, जन्म मिति र अन्य विवरण छ दुरूस्तै रुजु गरी पठाउनु हुन । मौखिक वा अरूले दिएको सूचनाको आधारमा अनुसूची सिफारिस गरेको पाईएकोले त्यस्तो नगर्नु हुन ।

३. अनुसूची फाराम, जन्म दर्ता, विवाह दर्तालगायत पेश गरिने सक्कल प्रमाणहरू केरमेट भए नभएको, सच्याइएको भए सो समेत रूजु गरी एकिन गर्नु हुन । सरकारी कागज केरमेट भएको पाइएमा सर्वप्रथम उक्त कागज सच्याउन जानकारी गराउनु हुन ।

४. नागरिकता, नाबालक परिचयपत्र, राहदानी बनाउन पेश गरिने सबै प्रमाणका सक्कलै हेरेर मात्र सिफारिस गर्नु हुन र सक्कल प्रमाण सहित पठाउनु हुन ।

५. पेश भएका प्रमाणमा सामान्य फरक परेको देखिएमा तहाँबाट संशोधन गरिने प्रमाण जस्तैः विवाह दर्ता, जन्म दर्ता, बसाइँ सराइ दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद दर्ता) भए सो संशोधन गरी पठाउनु हुन । अन्यथा के कुन प्रमाणमा के फरक परेको हो र के हुनुपर्ने हो ? स्पष्ट सिफारिस गरी पठाउनु हुन ।

६. बाबु वा आमा बाहेकका व्यक्ति सनाखतका लागि उपस्थित हुनु परेमा प्रमाणबाट तीन पुस्ता भित्रको व्यक्ति खुलाई सिफारिस सहित हालसालै खिचिएको फोटो टाँसी नाता प्रमाणित गरी पठाउनु हुन ।

७. विवाहित महिलाको हकमा सनाखतको लागि पति उपस्थित हुनु पर्ने र सो नभए सनाखतका लागि सिफारिस सहित नाता प्रमाणित गरी पठाउनु हुन ।

८. धादिङमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ मिति २०३७।०९।०१ गतेबाट लागू भएकोले उक्त मितिभन्दा पछिको हकमा मात्र व्यक्तिगत घटना दर्ता गर्नु हुन र सो मितिभन्दा अघिको व्यक्तिगत घटनाको हकमा आवश्यक कुरा बुझी नाता, स्थान, मिति खुलाई वडा अध्यक्षबाट प्रमाणित गराउनु हुन ।

२०७७/१२/०६

गोकर्ण प्रसाद उपाध्याय
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
**गृह मन्त्रालय**
# जिल्ला प्रशासन कार्यालय
धादिङ

फोन: ०१०-५२०१२१
०१०-५२०१३३
फ्याक्स: ०१०-५२०२७७
daodhading@moha.gov.np

प.सं. २०७७/७८

(प्रशासन शाखा)

९. बाबु वा बाबु र आमा दुवैको नागरिकताको प्रमाणपत्र नभएको तर वंशज खुल्ने व्यक्तिको हकमा वंशज खुल्ने नाताका व्यक्तिसँग नाता प्रमाणित, निजको स्थायी बसोबास प्रमाणित, जन्म दर्ता/प्रमाणित, नाताको व्यक्तिको जग्गा धनी प्रमाण पूर्जा र अनुसूची बमोजिमको विवरण भरी पठाउनु हुन ।

१०. निवेदकको बाबु वा आमाले नेपाली नागरिकताको प्रमाणपत्र नबनाएको भए बाबु र आमा दुवैको नागरिकताको प्रमाणपत्र बनाउन लगाई मात्र निजको नागरिकताको प्रमाणपत्रको लागि सिफारिस गर्नु हुन ।

११. जन्म दर्ता, विवाह दर्तालगायतका प्रमाणको प्रतिलिपि जारी गर्दा सुरुमा प्रमाण जारी गर्ने अधिकारीको नाम, पद अनिवार्य उल्लेख गरी प्रतिलिपि जारी गर्ने अधिकारीले अभिलेख रुजु गरी प्रतिलिपि जारी गर्नु हुन ।

१२. नागरिकता प्राप्त गर्ने सामान्य उमेरभन्दा ढिलो गरी बनाउन आएमा र श्रीमान् श्रीमतिको उमेर अस्वाभाविक रुपमा फरक देखिन गएमा सोको प्रहरी सर्जमिन बुझ्न सक्ने जानकारी दिनु हुन ।

१३. वडा अध्यक्षहरुको तपशिल बमोजिमको ढाँचामा हस्ताक्षर नमूना संकलन गरी पठाउनु हुन ।

| सि.नं. | स्थानीय तहको नाम | वडा नं. | वडाध्यक्षको नाम, थर | सम्पर्क नं. | दस्तखत नमुना |
|---|---|---|---|---|---|
| | | | | | |

१४. कार्यबाहक दिँदा कार्यबाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्र र निजको दस्तखत नमूना सहित पठाउनु हुन ।

१५. वडा अध्यक्ष वा वडा सचिवले सिफारिस गरेका कागजात, पत्र, अनुचूची र फोटोमा समेत प्रमाणित गर्नेको दस्तखत छुट्ने गरेको, कार्यालयको छाप नलगाएको, चलानी नगरी पठाएको जस्ता त्रुटिहरु पाइएकोले त्रुटिरहित ढंगले कार्य गर्नु हुन ।

१६. कतिपय अवस्थामा नागरिकताको सिफारिस आवश्यक पर्ने ठाउँमा प्रमाणित भई र प्रमाणित आवश्यक पर्ने ठाउँमा सिफारिस भई समेत आउने गरेकोले ऐन, कानूनबमोजिम सिफारिस गर्नुपर्ने ठाउँमा सिफारिस र प्रमाणित गर्नुपर्ने ठाउँमा प्रमाणित गरी पठाउनु हुन ।

१७. घटना दर्ता, सिफारिस गर्दा प्रमाणले खोजेका सबै विवरण (जस्तैः बाबुआमाको नागरिकता प्रमाणपत्र नं.) दुरुस्त भरी पठाउनु हुन ।

पुनश्चः आवश्यक प्रमाण पुगेपछि नेपाली नागरिकताको प्रमाण पत्र सहजै उपलब्ध हुने भएकाले कुनै तेस्रो पक्षको उपस्थिति र सिफारिस आवश्यकता नपर्ने समेत जानकारी गराइन्छ ।

**बोधार्थ**

**जिल्ला समन्वय समितिको कार्यालय, धादिङः** सबै स्थानीय तहहरुमा आवश्यक समन्वयको लागि अनुरोध ।

२०७७/१२/०३

.....................
गोकर्ण प्रसाद उपाध्याय
सहायक प्रमुख जिल्ला अधिकारी